आज मिति २०८०।०५।१७ गते ~~शुक्रबार~~ आइतवार दिनको ०३:०० बजे मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ बमोजिमको केन्द्रीय समन्वय समितिको निर्णय बमोजिम गठित जिल्ला स्तरीय समन्वय समिति, रोल्पाको बैठक समितिका संयोजक जिल्ला न्यायाधिवक्ता श्री [redacted] चुरामणि पराजुलीको अध्यक्षतामा बसी देहाय बमोजिम छलफल तथा निर्णय गरियो।

उपस्थिति:

१. संयोजक: जिल्ला न्यायाधिवक्ता श्री चुरामणि पराजुली, जिल्ला सरकारी वकील कार्यलय, रोल्पा ।

२. सदस्य: प्रमुख जिल्ला अधिकारी श्री परमानन्द घिमिरे, जिल्ला प्रशासन कार्यालय, रोल्पा।

३. सदस्य: डिभिजन वन अधिकृत श्री प्रेम शंकर चौधरी ।

४. सदस्य: प्रहरी नायव उपरीक्षक श्री श्यामकुमार सारु मगर, जिल्ला प्रहरी कार्यालय, रोल्पा ।

५. सदस्य सचिव: प्रतिमा दाहाल, जिल्ला सरकारी वकील कार्यालय, रोल्पा ।

आमन्त्रित

१. स्रेस्तेदार श्री शिवप्रसाद पराजुली, रोल्पा जिल्ला अदालत ।

२. स.प्र.ना.उ. श्री विष्णुदत्त अवस्थी ।

३. नायब सुब्बा श्री शान्ति प्रसाल बराल, जिल्ला सरकारी वकील कार्यालय, रोल्पा ।

४. नायब सुब्बा श्री बासुदेव पन्थी, जिल्ला सरकारी वकील कार्यालय, रोल्पा ।

५. खरिदार श्री भुवन जि.सी.

६. स.क.अ. श्री अन्जु मरासिनी, जिल्ला सरकारी वकील कार्यालय, रोल्पा ।

छलफलका विषयहरु

१. तामेलीमा राख्ने मुद्दाका सम्बन्धमा
२. विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ तथा बैंकिङ्ग कसूर तथा सजाय ऐन,२०६४ बमोजिमको अनुसन्धान तथा अभियोजन सम्बन्धमा
३. फौजदारी मुद्दाको मेलमिलाप सम्बन्धमा
४. वालवालिका संलग्न भएका मुद्दाहरुको सम्बन्धमा

५. विविध

निर्णयहरु-

निर्णय नं. १ मा छलफल गर्दा नेपाल राजपत्र खण्ड ७३, संख्या१७ भाग ४ मिति २०८०/०३/२५ गतेमा रापत्रमा प्रकाशित सूचना बमोजिम नेपालको संविधानको धारा १५८ को उपधारा (७) तथा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले आफूमा नीहित अधिकार मातहतका सरकारी वकीलले प्रयोग गर्नुभएकोफ अधिकार २०८०/०४/०१ देखि लागू हुने गरी हेरफेर भएकोमा आत्महत्या एवं प्रतिवादी नहुने प्रकृतिका अन्य ज्यान मुद्दा, वारदातबाट कसूर भएको देखिएको तर प्रतिवादी खुल्न नआएका अन्य मुद्दा र प्रतिवादी खुलेको भए पनि निजको मृत्यु भईसकेको मुद्दामा मुद्दा नचलाउने अन्तिम निर्णय जिल्ला सरकारी वकील कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकीले गर्ने गरि अधिकार प्रत्यायोजन भएको जानकारी लिँदै अनुसन्धान निकायले सो प्रकृतिका मुद्दामा अनुसन्धान गर्दा वारदात भएको तत्कालै घटना विवरण कागज गर्ने गरेको अधिकांश मिसिलहरुमा नदेखिएकोले मृत्यु भएको व्यक्तिको नजिकका नातेदार समेतको तत्कालै घटना विवरण कागज गर्ने, वर्तुगत अनुसन्धान गरी दुई वर्षे म्यादलाई समेत ध्यान दिँदै समयमा राय सहित जिल्ला सरकारी वकील कार्यालयमा मिसिल पेश हुने व्यवस्था मिलाउने निर्णय गरीयो ।

निर्णय नं.२ मा छलफल गर्दा नेपाल सरकारद्वारा नेपाल राजपत्र खण्ड ७३, संख्या १४, भाग ५ मिति २०८०/०३/११ गतेमा प्रकाशित सूचना बमोजिम विद्युतिय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को परिच्छेद-९ मा उल्लेख भए बमोजिमका कसूर तथा बैंकिङ्ग कसूर तथा सजाय ऐन,२०६४ को दफा ३ को खण्ड (ग) बमोजिमका मुद्दा दायर गर्ने प्रयोजनका लागि शुरु अदालत सम्बन्धित जिल्ला अदालतलाई तोकिएकोले उल्लेखित मुद्दाहरुमा अनुसन्धान तथा अभियोजनलाई प्रभावकारी बनाउनका लागी सरोकारवाला निकायहरुले उपलब्ध श्रोत साधनहरुको उच्चतम उपयोग गर्ने, क्षमता अभिवृद्धि गर्ने तथा आपसी सहयोग, समन्वय र सहकार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ मा छलफल गर्दा महान्यायाधिवक्ताको कार्यालयको च.नं. ४७ मिति २०८०/०४/११ गतेको पत्रबाट लेखि आए बमोजिम नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा मिलापत्र गर्दा अपनाउनुपर्ने मापदण्ड सम्बन्धी जानकारी लिई नेपाल सरकार वादी हुने फौजदारी मुद्दामध्ये मिलापत्र हुने प्रकृतिका मुद्दाहरुमा तोकिए बमोजिमको मापदण्डलाई अनिवार्य रुपमा पालना गर्ने गराउने निर्णय गरीयो।

निर्णय नं. ४ वालवालिका संलग्न भएको मुद्दाहरुमा वालवालिकाको सम्बन्धमा छुट्टै मिसिल खडा गरी अनुसन्धान तथा अभियोजन गर्ने, सामाजिक-पारिवारीक प्रभाव प्रतिवेदन, मनोवैज्ञानिक अध्ययन प्रतिवेदन तयार गरी गराई अनिवार्य रुपमा मिसिल संलग्न गर्ने, आवश्यक गोपनियता कायम राख्ने लगायत देहाय बमोजिमका कार्यहरु परिपालना गर्ने गराउने निर्णय गरियो ।

**बालबालिका भएका मुद्दाको अनुसन्धान कार्यविधि :-**

१. उमेर खुल्ने कागजात वा उमेर परीक्षण प्रतिवेदन तयार गर्ने । (बालबालिका सम्बन्धी ऐन, २०७५ दफा ८३ बमोजिम)

२. बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ अनुसूची अनुसारको अनुसन्धान कार्यविधि अवलम्वन गर्ने

- अनुसूची १ अनुसार बालबालिकालाई नियन्त्रणमा लिँदा दिइने सूचनाको ढाँचा।
- अनुसूची २ अनुसार बालबालिकालाई जिम्मा लगाउँदा गराउने ढाँचा।
- निगरानी कक्षमा राखी अनुसन्धान गर्ने अनुमतिको ढाँचा।

३. बालबालिकाको लागि प्रयोग गरिने शब्दावलीहरु

| | |
|---|---|
| प्रतिवादी | कानुनको विवादमा परेको बालक |
| अपराध | कसूरजन्य कार्य |
| हिरासत | निगरानी कक्ष |
| प्रक्राउ | नियन्त्रणमा लिने |
| बयान | सोधपुछ |

४. बालबालिका लगायत अन्य पीडितका कागजात गोपनियता राख्दा (जस्तै जन्म दर्ता, नागरिकता) मा टिपेक्स नलगाउने सोको उतार गरी मिसिल सामेल गर्ने (जस्तै कम्प्यूटरमा फरमेट विकास गर्न सकिने) सक्कल लाई खाम बन्दी गरी मिसिल सामेल गर्ने।

५. बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम कानुनको विवादमा परेका बालबालिकालाई दिशान्तर गर्नेतर्फ अनुसन्धान तथा अभियोजन पक्षले ध्यान दिने।

६. मनोवैज्ञानिक तथा मनोसामाजिक प्रतिवेदन राख्ने गर्ने।

७. पक्राउ परेको २१ दिन भित्र मुद्दा दायर गरिसक्नुपर्ने हुँदा म्याद हेर्ने।

८. एउटै वारदातमा नाबालिग र सावालिग भएमा छुट्टाछुट्टै अनुसन्धान फाईल तयार गर्ने।

**निर्णय नं. ५. वारदातको फोटो तथा स्केच सम्बन्धः** मा छलफल गर्दा सरकारवादी फौजदारी मुद्दाहरुको अनुसन्धान कार्य गर्दा Crime Scene को फोटोहरु मिसिल संलग्न गर्ने, नक्कल मिसिलमा पनि रंगिन फोटोहरु संलग्न गर्ने, सम्भव भएसम्म रेखाचित्रण गर्ने समेतको कार्यबाट अनुसन्धानलाई बस्तुगत बनाउने निर्णय गरियो।

**निर्णय नं. ६.सबै प्रकारका मुद्दामा अनुसन्धान अधिकारीलाई तपसिलका विषयमा ध्यान केन्द्रित गराउने निर्णय गरियो।**

**तपसिलः-**

१. घटना वारदातको प्रकृति अनुसारको मुद्दा दर्ता गर्ने, मुलुकी फौजदारी कार्यविधि सहिंता, २०७४ को अनुसुची १ मा समावेश भएका र प्रहरीले अनुसन्धान गर्ने भनी कानूनले तोके बमोजिमका कसुरहरु यकिन गरी मुद्दा दर्ता गर्ने।

२. मुद्दाको हदम्याद ख्याल गरी अनुसन्धान कार्य सम्पन्न गर्ने।

३. पक्राउ परेको भए मुद्दा हेर्ने अधिकारीको अनुमति लिई हिरासतमा राख्ने, गैरकानुनी हिरासतमा पर्न सक्ने अवस्थालाई ध्यान दिने।

४. प्रतिवादी तथा पीडितको पहिचान खुल्ने आधिकारीक कागजात र सो लाई सम्बन्धित निकायबाट प्रमाणित गराई/आधिकारिकता पुष्टी गराई मात्र मिसिल संलग्न राख्ने।

५. पक्राउ प्रतिवादीको घर कोठा यथाशक्य छिटो खानतलासी गर्ने।

६. बरामद गर्दा कसूरसँग सम्बन्धित दशी वा चिजवस्तु मात्र बरामद गर्ने, सम्बन्ध नभएका अनावश्यक चिजवस्तु बरामद नगर्ने। असम्बन्धित बरामदी चिजवस्तु अनुसन्धानकै चरणमा सम्बन्धित धनीलाई फिर्ता गर्ने।

७. बरामद भएको भए दशी चिजवस्तु प्रतिवादी वा जाहेरवालालाई सनाखत कागज गराउने।

८. प्रतिवादीहरुको कल डिटेल्स (Call details) तथा कसूरसँग सम्बन्धित अडियो भिडियो सि.सि. टिभी फुटेज समेतका प्रमाणहरुको संकलन गर्ने।

९. जाहेरीमा घटना देख्ने सुन्ने उल्लेख भएकोमा ति व्यक्तिहरुको र अन्य घटना देख्ने सुन्ने व्यक्तिहरुको कागज गराउने, सकेसम्म पीडक र प्रतिवादी पक्षका मानिसहरुलाई कागज नगराउने।

१०. साक्षीहरुको सुरक्षामा ध्यान दिने।

११. हिरासतमा राख्न पाईने म्याद सकिनुभन्दा कम्तिमा ५ दिन अगावै अनुसन्धान प्रतिवेदन सरकारी वकील कार्यालय समक्ष पेश गर्ने।

१२. अनुसन्धानको क्रममा सरकारी वकीलबाट दिएको निर्देशन पालना नगर्ने कार्य कारबाहीको दायरामा आउने हुनाले सरकारी वकील कार्यालयबाट दिएको निर्देशन अनिवार्य पालन गरी अनुसन्धान र प्रमाण संकलन गर्ने।

१३. प्राप्त जाहेरी झुठा हो भन्ने प्रारम्भिक अनुसन्धानमा देखिएमा जाहेरी तामेलीमा राख्न सकिने हुँदा सो अनुसन्धान गरी जाहेरी तामेलीमा राख्नु पर्ने। (फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११)

१४. प्राप्त जाहेरीलाई आवश्यक कारवाही अगाडी बढाउनु पर्ने। (सरकारी वकील कार्यलयमा हुलाक मार्फत प्राप्त भई सम्बन्धित कार्यालयमा पठाइएकोमा सोको रेकर्ड माग गर्ने।)

१५. फरक मुद्दाको फरक तथ्य र घटना हुने भएकोले म्याद थपको मागलाई आधार र कारण खुलाई मात्र माग गर्ने, म्याद थप भएको समय भित्र अनुसन्धान भएका विषयहरु खुलाउने।

१६. सरकारी पक्षका साक्षी उपस्थिति गराउने जिम्मा अनुसन्धान र अभियोजन पक्षकै भएकाले त्यसलाई महत्व दिने, उपस्थित गराउन नसकेमा फौजदारी कसूरको अनुसन्धान नियमावली, २०७५ को नियम ३० अनुसार उपस्थित गराउन नसकेको कारण सहित मुचुल्का तयार गर्ने। (बारम्बार अदालत र यस कार्यालयबाट ताकेता हुँदा समेत सो तर्फ ध्यान नदिइएकोले यसलाई गम्भीरताका साथ लिनु पर्ने।)

१७. फरार भएका प्रतिवादीहरुको हकमा करिव १ महिना अगावै सक्कल मिसिल पेश गर्ने।

१८. प्रहरी प्रतिवेदनबाट चलाईएका जिल्ला प्रशासन दायर हुने मुद्दाहरु (जस्तै अभ्रद व्यवहारका मुद्दाको) दर्तालाई कम गर्ने।

१९. हिरासतमा राखी अनुसन्धान गर्न दिएको म्यादमा केही थप काम नगरी पुन म्याद थप गर्न आएको देखिँदा त्यसमा अनुसन्धान अधिकृतले विशेष ध्यान दिने।

२०. प्रतिवादी नखुलेका मुद्दाको तामेलीमा राख्दा घटना घट्ने वित्तिकै मृतकको आफन्तहरुको लगायतका कागज तथा अनुसनुधान गर्ने। (२ वर्ष पुग्न लाग्दा घटनाविवरण कागज लगायतका अनुसन्धाका कार्य गर्ने प्रवृती बन्द गर्नु पर्ने।)

२१. कम कैद सजाय भएका मुद्दाको अनुसन्धान गर्दा हिरासत बाहिर राखी अनुसन्धान गर्ने प्रचलनमा बढाउने पर्ने। (जिम्मा जमानीमा, हाजिर जमानी, धरौटीम राखी अनुसन्धान गर्ने)

२२. अनुसन्धामा सहयोग गर्ने प्रतिवादीलाई सजायमा छुट लिने तर्फ अनुसन्धान देखिनै पहल गर्ने। (सजायमा छुट दिने मागदावी सम्बन्धी निर्देशिका, २०८० जारी भैसकेको।)

२३. सरकारी निकायसँग अनुसन्धानको क्रममा माग गरिएका कागजातहरु उपलब्ध नगराउने सो तर्फ व्यवस्था गरी अनुसन्धान तथा मुद्दाको अन्य काम कारबाहीमा असहयोग गरेमा सरकारी वकील नियमावली बमोजिम आवश्यक विभागिय कारबाहीको लागि सिफारिस गर्न सक्ने भएकोले सो तर्फ पनि सचेत गराउने।

२४. क्षतिपूर्ति तर्फको दाबी लिँदा पीडतलाई हाल भएको वास्तविक क्षति, भविष्यमा हुने क्षति र हालको अवस्था समेत खुलाउने।

जिल्ला न्यायाधिवक्ता